नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

स्वास्थ्य आपतकालीन तथा विपद् व्यवस्थापन ईकाई (HEDMU)/ HEOC

रसुवामा आएको आकस्मिक बाढीमा स्वास्थ्य क्षेत्रको प्रतिकार्य

सोमबार *२२ भाद्र २०८३* **स्थिति प्रतिवेदन #१३**

१. स्वास्थ्य संस्था अनुसार बिरामीको अवस्थाः

स्वास्थ्य सँस्था	जम्मा विरामी	डिस्चार्ज	उपचाररत	मृत्यु
१९	३२७	२४२	५१	४

स्वास्थ्य सँस्थाको नाम	जम्मा	उपचाररत	रिफर	डिस्चार्ज	अस्पतालमा भएका मृत्युहरू
रसुवा अस्पताल गोसाईकुण्ड, धुन्चे	८१		२७	५३	१
त्रिशूली अस्पताल नुवाकोट	१८		१	१६	१
आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, नुवाकोट	२०			२०	
राष्ट्रिय ट्रमा सेन्टर, महाबौद्ध	५०	११	१	३७	१
श्री वीरेन्द्र अस्पताल, छाउनी	४	४			
त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल	८१	२१		५९	१
राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान, वीर अस्पताल	२३	४		१९	
पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुर	१			१	
परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल, थापाथली	१७	४		१३	
नेपाल एपीएफ अस्पताल, बलम्बु	८	२		६	
मनमोहन मेमोरियल शिक्षण अस्पताल, स्वयम्भु	३			३	
नर्भिक इन्टरनेशनल अस्पताल, थापाथली	३			३	
शुभम इन्टरनेशनल अस्पताल, मनमैजु	३			३	
ग्रिनसिटी अस्पताल, टोखा	४	१	१	२	
ह्याम्स अस्पताल, धुम्बाराही	१			१	
चिरायु राष्ट्रिय अस्पताल	३	२		१	
ग्राण्डी अन्तर्राष्ट्रिय अस्पताल	३	१		२	
बी एण्ड बी अस्पताल, ग्वार्को	३	१		२	
आदमघाट अस्पताल	१			१	
जम्मा	**३२७**	**५१**	**३०**	**२४२**	**४**

अध्यावधिक बेलुकी २२ भाद्र २०८३, ५:०० बजे सम्म

२. स्वास्थ्य क्षेत्रका प्रमुख क्रियाकलापहरूः

रोग निगरानीः

रोग निगरानी प्रणाली
Surveillance, Outbreak Response Management and Analysis System **(SORMAS)**

पछिल्लो २४ घण्टामा रिपोर्ट भएका केसहरू

रसुवा र नुवाकोट जिल्लाका विभिन्न होल्डिङ सेन्टर

१५ वटा ज्वरो तथा खोकी (ILI)	० वटा Acute Gastroenteritis (AGE)	१ वटा Fever with Rash	८ वटा ज्वरो

सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
नोटः जनस्वास्थ्य सम्बन्धी उपायहरू अपनाइनुका साथै थप अनुसन्धान तथा अनुगमनका कार्य भइरहेका ।



भोटेकोशी बाढी प्रतिकार्य योजनाको प्रभावकारी कार्यान्वयन तथा स्वास्थ्य क्षेत्रका गतिविधिमा समन्वय र सहकार्य सुदृढ गर्न स्वास्थ्य विकास साझेदार (HDP) संस्थाहरूसँग समन्वयात्मक बैठक सम्पन्न गरी प्रतिकार्यको अवस्था, आवश्यकताहरू तथा Health Sector Response Plan बारे छलफल गरिएको।

३. मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य (MHPSS):

८१५९
कुल पहुँच (५५७३ लाई PFA/MHPSS सेवा)

१५५
परिचालित जनशक्ति (२ मनोचिकित्सक,२ साइकोलोजिस्ट, १५१ परामर्शदाता)

९२
हेल्पलाइन परामर्श कल (२४/७ सेवामार्फत)

- नुवाकोट, रसुवा, काठमाडौँ,धादिङ्ग होल्डीङ्ग केन्द्र, अस्पताल तथा प्रभावित समुदायहरूमा MHPSS तथा PFA सेवा निरन्तर रुपमा सञ्चालनमा रहेको छ।
- बालबालिका, किशोरकिशोरी तथा प्रभावित परिवारलाई लक्षित गरी समूह परामर्श तथा उपचारात्मक मनोसामाजिक गतिविधि सञ्चालन भइरहेको छ।
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य सेवा आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।
- बाढी प्रभावित व्यक्तिहरूका लागि टेलि—मनोचिकित्सा तथा अनलाइन परामर्श सेवा सञ्चालनमा रहेको छ।
- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।



उद्धार गरिएका ज्येष्ठ नागरिकहरूलाई हेरचाह केन्द्रमा विशेष मनोसामाजिक हेरचाह तथा सहयोग प्रदान गरिएको।

४ . खोप तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग (VPD) निगरानी अद्यावधिक (बाढी प्रतिकार्य):

- २०८३ भदौ १५ गते बसेको राष्ट्रिय खोप सल्लाहकार समिति (NIAC) को बैठकले बाढी प्रभावित जिल्लाहरूमा हैजा खोप (OCV) तथा दादुरा-रुबेला (MR) खोप अभियान सञ्चालन गर्न सिफारिस गरेको छ।
- उक्त सिफारिस बमोजिम पहिलो चरण अन्तर्गत रसुवा र नुवाकोट जिल्लामा वडा स्तरबाट सञ्चालन हुने खोप अभियानको योजना तथा तयारी कार्य भइरहेको छ।
- बाढी प्रतिकार्यसम्बन्धी समन्वय तथा तयारीका लागि परिवार कल्याण महाशाखा (FWD) ले २०८३ भदौ १९ गते प्रदेश तथा जिल्ला स्तरसँग virtual बैठक आयोजना गरेको थियो।
- बाढी प्रतिकार्य, खोप कार्यक्रम तथा खोपद्वारा रोकथाम गर्न सकिने रोग (VPD) निगरानी गतिविधिलाई सहयोग पुऱ्याउन परिवार कल्याण महाशाखा तथा विश्व स्वास्थ्य संगठनको टोली २०८३ भदौ २० गते रसुवा र नुवाकोट जिल्लामा परिचालन गरिएको छ।
- आगामी हैजा खोप अभियानको तयारीस्वरूप २०८३ भदौ २१ गते हैजा खोपका २१,६०० मात्रा रसुवा जिल्लामा ढुवानी गरिएको छ।






५ . विपद्पछिको क्षयरोग प्रतिकार्य सम्बन्धी गतिविधिहरू:

राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रबाट जनस्वास्थ्य कार्यालय धादिङमा पहिलो त्रैमासिकको माग फारम बमोजिम HRZE २४,१९२ टयाबलेट, HR ६०,४८० टयाबलेट र HRE ९४०८ टयाबलेट जिल्लातर्फ पठाइएको छ।

६. आकस्मिक चिकित्सकीय टोली सम्बन्धी विवरण

३८	१७५	१३	६२१०+
परिचालित टोली/इकाइहरू	सदस्यहरूको संख्या	हाल सक्रिय टोली	EMTs बाट उपचार प्राप्त बिरामीहरू



७. क्षेतिग्रस्त स्वास्थ्य सँस्थाहरूको विवरणः

पूर्ण क्षति (Fully Damaged)


- स्याप्रुबेशी स्वास्थ्य चौकी
- टिमुरे स्वास्थ्य चौकी
- टिमुरे हेल्थ डेस्क, रसुवागढी
- मैलूङ्ग समुदियिक स्वास्थ्य इकाई

आंशिक क्षति (Partially Damaged)

- बैरेनी अस्पताल, गल्छी
- चरौदी आ.स्वा.के., बेनिघाट
- बैरेनी आयुर्वेद औषधालय, गल्छी, धादिङ्ग

पहुँच अबरुद्ध (Access Disruptions)


- धादिङ्ग अस्पताल
- त्रिशुली अस्पताल



८. स्वास्थ्य शिक्षा, सूचना, तथा सञ्चार एवं आकस्मिक स्वास्थ्य सेवा (IEC)







एम्बुलेन्स व्यवस्थापन Ambulance

१०२ आकस्मिक प्रतिकार्य तथा बिरामीहरूको ओसारपसारका लागि प्रभावित क्षेत्रहरूमा एम्बुलेन्सहरू परिचालन गर्दै आएको छ

MoHFS हटलाइन नम्बर

१११५ स्वास्थ्यसम्बन्धी कुनै पनि समस्या, जानकारी वा सहयोग आवश्यक परेमा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयको निःशुल्क हटलाइन नम्बर "१११५" मा सम्पर्क गर्नुहुन अनुरोध छ।